नगर सभावाट स्वीकृत मिति : २०८२/०३/१०

# नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०८२/०८३

मिति २०८२/०३/१० गते नगर सभाले पारीत गरे बमोजिम ठिक भएको हुंदा प्रमाणीकरणको लागि नगर सभा अध्यक्ष एवं नगर प्रमुख समक्ष पेश गर्दछु ।

नाम : मोहन प्रकाश गिरी

पद :प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :२०८२/०३/१०

प्रमाणीकरण गर्ने :

नाम : महेन्द्र के.सी.

पद : नगर सभा अध्यक्ष एवं नगर प्रमुख

दस्तखत :

प्रमाणीकरण मिति :२०८२/०३/१०

मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

# मुसिकोट नगरपालिका
# रुकुम पश्चिम

## "मुसीकोट नगर - खुसी नागरिक, समृद्ध शहर"
**(Musikot Municipality-Happy Citizen Prosperous City)**

# नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०८२/०८३

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

१. यस मुसिकोट नगरपालिकाको गरिमामय एवं ऐतिहासिक पन्ध्रौं नगर सभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।नगरलाई आर्थिक समृद्धि, समाजिक र साँस्कृतिक रुपान्तरण मार्फत समाजबादको लक्ष्य पुरा हुन्छ भन्ने मान्यताका साथ यो नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा प्रस्तुत गर्दछु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता स्वाधिनता, भौगोलिक अखण्डता मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रको वहाली, जनताको आमूल परिवर्तनको लागि संघर्षको क्रममा गौरवपूर्ण साहदत प्राप्त गर्ने सम्पुर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव एवंम स्मरण गर्दछु।

३. मुसिकोट नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजनाले अंङ्गीकार गरेको **"मुसीकोट नगर-खुसी नागरिक, समृद्ध शहर"** को दीर्घकालीन सोच अनुरुप गुणस्तरीय जनशक्तिको उत्पादन र रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व बृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, दिगो विकास, पर्यावरणीय संरक्षण, सन्तुलन, समानता, गरिबी न्यूनीकरण, सुशासन र सार्वजनीक सेवामा नागरीकहरुको सहज पहुंच अभिवृद्धि गर्न प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

४. विगत वर्षका सफल नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै सीमित स्रोत साधन र असीमित विकासका आवश्यकता तथा आकांक्षा बिचको सन्तुलन कायम गर्दै मुसिकोट नगरवासी जनताको जीवनस्तर उकास्ने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिंदै यो नीति तथा कार्यक्रम र बजेट तयार गर्नु हाम्रो प्रमुख कार्यभार हो ।

**नगर सभा सदस्यज्यूहरु,**

हाम्रो समय, सीप, अनुभव र मेहनतलाई मुसिकोट नगरपालिकाको समृद्ध विकासमा केन्द्रित गर्दै अघि बढ्न आवश्यक छ। यसका लागि गत आ.व.मा अघि सारेका अनुकरणीय नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम विषयगत समिति अनुसारका क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहन्छु।

**भु-उपयोग नीति**

५. मुसिकोट नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक, ऐलानी, सरकारी प्रति जग्गाहरुको एकिकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण गरी उपयोगमा ल्याइनेछ ।

६. नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको भू-उपयोग कार्यिविधि, २०७९ लाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

७. स्थानीय तहवाट हुने पूर्वाधारहरुको निर्माणमा सार्वजनीक जग्गाको प्रयोगलाई प्राथमिकता दिई आवश्यकता र सम्भावनाको आधारमा व्यवस्थापन गरिनेछ ।

८. भुमिहीन घरवास नभएका दलित, द्वन्द्ध पीडित, एकल महिला, भूमिहीन नागरिकहरुको यथार्थ विवरण लिई संघीय सरकारले तोकेको मापदण्डका आधारमा अव्यवस्थित र सुकुम्वासीहरुको व्यवस्थापन कार्यलाई पूर्णता दिइने छ ।

९. सडक क्षेत्रले ओगटेको जमीन प्रचलित कानुन अनुसार सम्वन्धित जग्गाधनी सम्बन्धित कार्यालयको समन्वयमा लगत कट्टा गर्ने कार्यको थालनी गरिनेछ ।

१०. सार्वजनीक क्षेत्र सडक, बन, सरकारी जग्गा र सार्वजनीक जग्गामा बनेका घर टहराहरु यसै आ.व.मा हटाइनेछ ।

११. नक्सा पास नगरी अवव्यवस्थीत रुपमा बनाइएका घर टहराहरु हटाइनेछ ।

१२. जग्गा विक्रिवितरण गर्दा लिइने राजश्वलाई सहज, सरल र बैज्ञानीक हिसावले लागु गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

**कृषि नीति**

**"लगानी उत्पादन र रोजगारीमा बृद्धि, गतिशिल अर्थतन्त्र मुसिकोटको समृद्धि"**

१३. नगरपालिकाको भु–उपयोग नीति अनुसार नगर क्षेत्रको हावापानी, मौसमी अनुकूलता, आद्रता समेतको बैज्ञानीक अध्ययन, खोज विश्लेषण गरी अन्न, फलफुल, दुध, तरकारी र जडिबुटी जस्ता उत्पादन बढाई किसानहरुको उत्पादनलाई समुह तथा सहकारी, नीजि फर्म र कम्पनी मार्फत प्रत्येक्ष बजारसंग जोडी स्वरोजगार सिर्जना गरिने छ ।

१४. नगरपालिकाको भौगोलिक क्षेत्रमा निर्धारण गरिएका पकेट क्षेत्रलाई निरन्तरता दिईने छ र थप पकेट क्षेत्रको विस्तार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि सामाग्री, ज्ञान, सीप, पूँजी र प्रविधिको प्रयोगलाई व्यापक बनाई निर्यात प्रवर्द्धन गरिने छ ।

१५. **"पौरखी हातहरुलाई स्थानीय सरकारको साथ"** नारालाई आत्मसात गर्दै सहकारी समुहमा आवद्ध जीवन भर कृषि पेशा गरेका कृषकहरुले उत्पादन गरेको परिमाणको आधारमा विशेष प्रोत्साहन कार्यक्रम लागू गरिने छ ।

१६. अनुदान प्रणालीलाई निरुत्साही गरी कृषकको लगानीको सुरक्षा, प्राविधिक सेवा तथा बजारीकरणलाई प्राथमिकता दिइनेछ ।

१७. कृषि व्यावसायलाई व्यावसायिक र मर्यादित पेशाको रुपमा अगाडी बढाउन वाली विमा कार्यक्रम संचालन गरिने छ ।

१८. खेती योग्य सिँचाई सुविधा नपुगेको जमिनमा सिंचाई सुविधाको लागि सिंचाई पूर्वाधार कार्यक्रमलाई प्राथमिकता साथ अगाडि बढाइनेछ ।

१९. कृषकहरुले उत्पादन गरेका कृषि उपज सहजरुपमा खरिद विक्रिका लागि सङ्कलन केन्द्र निर्माण तथा विक्रि केन्द्र संचालन गरिनेछ ।

२०. वेमौषमी तरकारी खेतीलाई व्यासायिक र दिगो बनाउन प्रविधिको व्यापक बिस्तार गर्नको लागि प्रविधि विस्तार कार्यक्रम संचालन गर्ने नीति लिईने छ।

२१. किसानहरुलाई कृषि सम्बन्धी ज्ञान जानकारी दिनको लागि कृषि सूचना प्रसार केन्द्रको स्थापना गरिने छ ।

२२. स्पष्ट रुपमा किसानको पहिचाहन दिलाउनको लागि कृषकहरुको वर्गीकरण गरी परिचयपत्र वितरण गरिनेछ ।

२३. स्थानीय उत्पादन प्रोत्साहन गरी व्यवस्थापन तथा बजारीकरण गरिने छ ।

२४. हाल मुसिकोट नगरपालिकाको १० नं. वडामा किसानहरुले व्यवसायीक रुपमा लसुनको उत्पादन गरी पालिका बाहिर विक्रिवितरणका लागि निकासी गरिरहेकाले सो क्षेत्रलाई अझ प्रोत्साहित गर्न लसुन पकेट क्षेत्र घोषणा गरिनेछ ।

२५. लसुन पकेटक्षेत्रको व्यवसायीकरणका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणकालागि विशेष पहल गरिनेछ ।

२६. मुसिकोट नगरपालिका वडा नं. ३, १३ र १४ क्रमशः माछमी, सान्चौर र खेताकुना स्थानलाई कृषि यर्यटनसंग जोडन आवश्यक पहल गरिनेछ ।

२७. बैदेशिक रोजगारबाट फर्केका कृषि खेती गर्ने यूवा युवतीहरुलाई विशेष ग्राहायताका साथ विउ, मल र प्रोत्साहनका कार्यक्रमहरुमा सहभागिता गराइनेछ ।

२८. प्राविधिक शिक्षा हासिल गरेका युवा युवती तथ्यांक संकलन गरी विषयगत व्यवसायमा जोड दिइने छ ।

२९. आकश्मिक रोगको लागि समस्या समाधान गर्न विशेष व्यवस्था गरिनेछ ।

३०. मुसिकोट नगरपालिका वडा नम्वर ८ र वडा नम्वर १० लाई अर्गानिक कृषी उत्पादन केन्द्रको रुपमा विकास गरी क्रमश अरु वडाहरुमा विस्तार गरिनेछ ।

३१. व्यवसायीक रुपमा च्याउखेती र मौरीपालन गर्ने किसानहरुलाई मागमा आधारीत अनुदान कार्यक्रम संचालन गरीनेछ ।

३२. रैथाने बालीको वीउ सकलन, वितरण तथा खेतीको लागि आवश्यक व्यवस्था मिलाई रैथाने बाली परिकार विविधिकरण सम्बन्धी तालिम संचालन गरी रैथाने परिकारको उपयोगिता बढाइनेछ ।

३३. फुल खेतीको माध्यमवाट नगरवासी कृषकहरुको अतिरिक्त आम्दानी बढाउन फुल खेती गर्ने कृषकहरुलाई क्षेत्रफलको आधारमा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

३४. जडिबुटी नर्शरी संचालन र खेतीको लागि प्रोत्साहणका कार्यक्रमहरु संचालन गरिनेछ ।

३५. १ कृषि प्राविधिक, १ वडा कार्यक्षेत्र कार्यक्रमलाई निन्तरता दिई कृषकहरुले आफ्नै खेतबारीमा मै कृषि सम्बन्धी प्राविधिक सेवा पाप्त गर्ने व्यवस्था मिलाइनेछ।

३६. मुनपा वडा नं. ६ र १३ मा संचालित कृषि प्रसार कार्यक्रम (ASDP) अन्तर्गत सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संचालन तथा व्यस्थापन गर्न बजेटको सीमा हेरी आवश्यक कार्य अगाडि बढाइनेछ । प्रदेश एकिकृत कृषि प्रयोगशालाको समन्वयमा माटो परिक्षण शिविर संचालनको लागी पहल गरिनेछ ।

३७. माटो परिक्षणको लागी कृषि विकास शाखा अन्तर्गत मिनि ल्याब संचालनको लागी मिनि ल्याव पूर्वाधार निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

३८. मुसिकोट नगरपालिकाका धान खेती गर्दै आएका ठाउँहरुमा चैते धान खेती गर्न प्रोत्साहन गरिनेछ ।

३९. खेतीयोग्य जमिनको अधिकतम उपयोगको लागी वार्षिक ४ बाली लगाउन कृषकहरुलाई प्रोत्साहन गरि खाद्य सुरक्षामा टेवा पुर्याउने क्रियाकलापहरु संचालन गरिनेछ ।

**पशु सेवा नीति**

४०. **"कृषकको हात, स्थानीय सरकारको साथ"** बमोजिम कृषकको आयस्तरमा वृद्दि गर्दै मुसिकोट नगरपालिका क्षेत्र भित्र संचालित डेरी उद्योगलाई प्रवर्धन गर्न लागत साझेदारीमा गाइभैसी प्रवर्द्धन गर्न पकेट विकासका कार्यक्रम संचालन गरिनेछ ।

४१. नगर क्षेत्रमा पशुपन्छि पालन गरी दुध, मासु तथा अण्डा उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप उत्पादनमा आधारित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

४२. **"उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य आधार, कृत्रिम गर्भाधारण द्धारा नश्ल सुधार"** अनुरुप गाईभैसी र बाख्रामा कृत्रिम गर्भाधान गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । साथै कृत्रिम गर्भाधान कार्यक्रम पहुचं नभएको स्थानमा नश्ल सुधारको लागी उन्नत जातको रागो तथा वोका वितरण कार्यक्रम संचालन गरिने छ ।

४३. **"घासँमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाउ, आम्दानी बढाऔं"** भन्ने उद्धेश्य अनुरुप व्यवसायिक घाँस खेति प्रवर्धन गर्न विभिन्न प्रजातीका उन्नत डाले तथा भुइँ घाँसको विउ, विरुवा, सेट्सहरु वितरण गरिनेछ र व्यवसायिक घाँस खेति गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४४. पशु सेवा क्षेत्रको विकासमा टेवा पुर्याउन कृषि यान्त्रिकरण तथा बजारीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

४५. स्वच्छ मासु उत्पादनको लागी पशु बधशाला तथा मासु पसल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

४६. पशुपन्छीहरुको स्वास्थ्यमा देखा पर्ने विभिन्न समस्या तथा रोगहरुको पहिचान गर्न नगर क्षेत्र भित्र आधारभूत प्रयोगशाला सेवा संचालन गरिनेछ ।

४७. पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनीकरण गर्दै पशुधनको सुरक्षामा सुनिश्चितता गर्न विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४८. पशुपन्छिमा देखा पर्ने जुनोटिक रोगलाई नियन्त्रण गर्न खोप सेवा र सचेतनामुलक स्कुल प्रसार शिक्षा जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

४९. नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका पशुपन्छी दाना पसल, मासु पसल, एग्रोभेट र डेरी उद्योग तथा चिस्यान/संकलन केन्द्रसंग समन्वय सहकार्य गर्दै सुधार तथा नियमन कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

५०. नगरपालिका क्षेत्र भित्र कृषकहरुले उत्पादन गरेका पशुजन्य उत्पादनलाई सहजरुपले भन्डारण तथा वजारीकरण व्यवस्थापनको लागी पाएक पर्ने स्थानमा संकलन केन्द्रहरु स्थापना गरिनेछ ।

५१. नगरपालिका क्षेत्र भित्र रहेका लोपुन्मुख तथा रैथाने पशुपन्छिहरुको संरक्षण गर्न प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ ।

५२. प्राङगारिक कृषि उत्पादन कार्यलाई प्रवर्द्धन गर्न भकारो सुधार कार्यक्रम सन्चालन गरिनेछ ।

५३. पशुहरुलाई सहज र सुरक्षित रुपमा औषधि सेवन तथा उपचार सेवा प्रदान गर्नको लागी पशुहरुलाई नियन्त्रणमा ल्याउन एक वडा एक ट्रेविज निर्माण कार्यक्रमलाई सुधार गरिनेछ ।

५४. कृषकहरुका भेडा बाखामा संक्रमण हुने बाहय परिजिवी नियन्त्रण गर्नको लागि पाएक पर्ने स्थानमा डिपिंङ ट्यांक निर्माण कार्यक्रम संचालन गरिनेछ ।

५५. घरपालुवा तथा सामुदायक कुकुरहरु नियन्त्रणको लागि आवश्यक साम्रगीहरु खरिद गरी खोप तथा बन्ध्याकरण शिविर जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

५६. नयाँ प्रविधिको अनुसरण गर्न पशुपालन गर्ने कृषकहरुलाई अन्तर पालिका तथा वाह्यय जिल्लामा कृषक अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ ।

५७. पशुपालन क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न १४ वटै वडाहरुमा एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था गरिनेछ ।

५८. सुत्केरी पशुहरुमा आहारा तथा पोषण व्यवस्थापन गर्न प्रोत्साहन स्वरूप पशुपालक कृषकहरुलाई सुत्केरी स्याहार भत्ता वितरण कार्यक्रम संचालन गरिनेछ ।

५९. प्राविधिक सेवाको पहुच नभएको स्थानमा पशु उपचार सेवा प्रदान निशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

६०. विकेन्द्रीकरण कृषी प्रसार पद्दतिलाइ अबलम्बन गर्दै दिगो कृषी विकासका लागि मुसिकोट नगरपालिका भित्र संचालनमा रहेका स्रोत केन्द्र, कृषक समूह, फार्म, सहकारी, एग्रोभेट बिच विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

६१. नगरपालिकामा पशुपालन व्यवसायलाई प्रभावकारी एवं दिगोरुपले सेवा प्रवाहको लागि व्यवसायिक मोडेलको अवधारणा अन्तर्गत सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी साझेदारी प्रणालीको विकास गरी वस्तीस्तर सम्म एकीकृत कृषि सेवा प्रदान गर्ने संयन्त्रको स्थापना गरिनेछ ।

६२. मुसिकोट नगरपालिका अन्तर्गत पशुपन्छीहरुमा देखा पर्ने रोगहरुको उपचार तथा रोकथाम गर्न आधारभुत प्रयोगशाला स्थापना सहित आवश्यक किट औषधी तथा खोप खरिद व्यवस्थापन गरिनेछ ।

६३. जनचेतना अभिवृद्धिको लागी जुनोटिक रोग सम्बन्धि स्कुल प्रसार शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

६४. पशुपन्छी तथा मत्स्य तथ्याक अत्यावधिक र किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सिंचाई नीति**

६५. नगरपालिका क्षेत्र भित्रका खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्राकृतिक मूल संरक्षण तथा पोखरी निर्माण गरी सिंचाईका सुविधाहरु उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

६६. सानीभेरी, सांख खोला र मुग्लुखोला आसपासका खेतीयोग्य जमीनहरुलाई सिंचाई गर्न नदीको पानी लिफ्ट गरी नदी छेउछाउका खेतीयोग्य जमीनहरुलाई सिंचाई गरीनेछ ।

### उद्योग तथा बाणिज्य नीति

६७. **"व्यवसायीसँगै नगरपालिका"** अभियान संचालन गरी नगर क्षेत्रमा संचालनमा रहेका तर कानूनी रुपमा दर्ता नभएका साना उद्योग एवं व्यवसायिक फर्महरुलाई विधिवत दर्ता गर्न प्रोत्साहन गरी कानूनी दायरामा ल्याइनेछ ।

६८. उपभोक्ता हित संरक्षणका लागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गरी शुद्धता कायम गर्ने नीतिलाई नियमित गरिने छ ।

६९. गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेडपा कार्य विधि २०७७ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहाना र माग श्रोत सर्वेक्षणका आधारमा संचालन गरि नयाँ उद्यमी सृजना र पुराना उद्यमीको स्तरोनन्ती तालिम माफर्त गरिवी निवारण गर्न पहल गरिनेछ ।

७०. उद्यमीहरुको उद्यमको अवस्था हेरी बस्तु उत्पादनको उत्पादकत्व गुनस्तरमा वृद्धि र उत्पादित वस्तुको बजार प्रतिस्पर्धा वृद्धि गराउनका लागी लघु उद्यमी समुहमा उपयूक्त प्रविधि हस्तान्तरण गर्न सहजीकरण गरिनेछ ।

७१. निश्चित समयमा नवीकरण र व्यवसाय कर तिर्न विलम्व गरेका साना फर्म र उद्योगहरु निश्चित समय तोकी नवीकरण र व्यवसाय कर तिरेमा सहुलीयत दिने व्यवस्था गराइनेछ ।

७२. मुसिकोट नगरवासी नागरीकहरुको जीवन स्तरमा आमुल परिवर्तन ल्याउन नगर क्षेत्रभित्र औद्योगिक ग्राम स्थापना गर्न उपुक्त स्थानको पहिचाहन तथा कृषिजन्य उद्योगहरुको प्राथमिकिकरण गरी संचानलमा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. नेपाल सरकार श्रम रोजगार तथा सामाजिक मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय र विभिन्न दातृ निकायहरुको आर्थिक तथा प्राविधिक सहयोगमा स्वरोजगार बनाउन यूवायुवतीहरुलाई विभिन्न किसिमका निशुल्क व्यवसायिक तालिमहरु संचालन गरिनेछ ।

७४. मुसिकोट नगरपालिका भित्र सन्चालन भएका तर कानूनी प्रक्रिया पुरा नगरी सन्चालन भएका घरेलु लघु तथा साना उद्योग र निजी फर्महरुलाइ कानूनी प्रक्रिया अनुसार दर्ता गर्न उद्योग तथा बाणिज्य दर्ताको लागी घुम्ति शिबिर सन्चालन गरिने छ ।

७५. मुसिकोट नगरपालिका भित्र रहेका फलफुल तरकारी तथा किराना पसलहरुमा बिसादी तथा गुणस्तर चेक जाच गर्ने यन्त्रको व्यवस्था गर्ने पहल गरिने छ ।

७६. कानूनी प्रक्रिया पुरा गरि दर्ता भई सन्चालन भएका नीजि साझेदारी तथा कम्पनी लिमिटेड वा उद्योग तथा बाणिज्य अन्तर्गतका फर्महरुलाइ समयमा नबिकरण गर्न र उत्पादित बस्तुको बजारीकरण गर्नका लागी उद्योगी ब्यापारीलाइ जागरुप बनाउन उद्योग बाणिज्य सम्बन्धी कार्यशाला एवं अन्तरक्रिया जस्ता बिभिन्न कार्यक्रमहरु सन्चालन गरिने छ ।

### श्रम तथा रोजगार नीति

७७. आन्तरिक रोजगार प्रवर्द्धनको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. स्थानीय तहमा आन्तरिक रोजगारी सिर्जनाको गर्नका लागि श्रम वजारको माग अनुसार विभिन्न सिप विकाश तालिम सञ्चालन गरिनेछ।

७९. "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने नाराका साथ विकास निर्माणका आयोजनाहरुमा यस नगरपालिका अन्तर्गत बेरोजगारहरुको सुचिमा सुचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

८०. वैदेशिक रोजारीलाई सुरक्षित मर्यादित तथा व्यवस्थित बनाउन मुसिकोट नगरपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

८१. एकघर एक सिप अभियान, प्रत्येक घरका कम्तीमा एक सदस्यलाई स्वरोजगार मुलक तालिम/रोजगार सुचना केन्द्रको स्थापना र तालिम, रोजगारी ईन्टनसिप, यूवा शसक्तीकरण तथा रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. नगर युवा उद्यम कार्यक्रम (विउपुजी, प्रशिक्षण, परामर्श तथा कानुनी साहेता उपलब्ध गराईनेछ।

८३. नगर युवा संसद कार्यक्रम युवाहरुको नीति निर्माणमा सहभागिता सुनिश्चित गरिनेछ ।

### सहकारी र वित्तीय नीति

८४. स्थानीय स्तरमा रहेको पूँजी, प्रविधि, ज्ञान र सीपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा व्यवसाय र आय-आर्जनमा जोडिने छ ।

८५. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड दिइने छ ।

८६. सहकारी संस्थाहरुलाई सन्चालन गर्न तथा शेयर सदस्यको आवश्यकताको आधारमा सुदृढीकरण, एकिकरण समस्यामा परेका सहकारी संस्थाहरुलाई सक्रिय बनाउन जोड गर्ने र निश्क्रिय रहने संस्थाहरु खारेजीको प्रक्रियाको लागी नियमनको पाटो अगाडि बढाईने छ ।

८७. सहकारी संस्थाका सेयर सदस्यहरु तथा कर्मचारीहरुलाई सहकारीसंग सम्बन्धित तालिम तथा अनलाईन प्रविधिमा साक्षर गराई अनलाईन प्रबिधि मार्फत सहकारी संस्थाका गतिविधिहरु सन्चालन गर्न सक्ने गरी क्षमता विकास गरिने र सहकारीको ब्यवस्थित अभिलेखिकरण गरिने छ ।

८८. सहकारी संस्थाहरु ऐन, नियम र सहकारी संस्थाको सिद्धान्तको आधारमा संचालन गराउन **सहकारी नियमन प्रबर्द्धन प्रशिक्षण जस्ता कार्यक्रम लाई** विशेष जोड दिइनेछ । किसानको उत्पादनलाई बजार र रोजगारीसँग जोडन सहकारी नीजि फर्म समुहलाई उपयोग गरिने छ

८९. नगरपालिकामा कार्यक्षेत्र बनाई दर्ता भएका वा काम गरि रहेका सहकारीहरुको दिगो व्यवस्थापन तथा प्रभावकारी रुपमा संचालन गराउन COPOMIS सप्टवयरको प्रयोग गर्नको लागि सहकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिने छ ।

### गैर सरकारी संघ संस्था नीति

९०. नगरपालिकालाई कार्यक्षेत्र राखी सञ्चालनमा रहेका गैरसरकारी संस्थाहरुको कामकारवाहीलाई नगरको नीति, योजना र प्राथमिकताको क्षेत्रमा काम संचालन गर्ने गरी परिचालन गरिने छ ।

९१. गैर सरकारी संस्थाहरुवाट सम्पादन गरिएका कार्यक्रमहरुको प्रभावकारिता सम्वन्धमा अनुगमनको व्यवस्था मिलाईने छ । नगरको नीति र कार्यक्रमको परिधि भित्र रही गैर सरकारी संस्था र नगरपालिकाको साझेदारीमा आयआर्जन, उद्यमशिलता विकास, साना पूर्वाधार निर्माण र सशक्तिकरणका कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

९२. गैर सरकारी संस्थाहरुलाई सुशासनको क्षेत्रमा सहकार्यको लागि परिचालन गरिने छ ।

९३. विकास निर्माणका कार्यहरु गर्दा सरकारी, गैर सरकारी, नीजि र वित्तिय निकायहरुसंगको सहकार्यमा कामको थालनी गरिने छ ।

९४. गैर सरकारी संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने गरी छुट्टै शाखा स्थापना गरी संचालनमा ल्याइनेछ ।साथै गैससको अभिलेख राखी नगरपालीकामा सूचीकरण गर्न प्रोत्साहन गरिनेछ ।

**पर्यटन तथा संस्कृति विकास नीति**

९५. मुसी दरबार, डिग्रे शाईकुमारी, शिव मन्दिर, खारा दह, वैरीदह, रिनदह, सीतलपोखरी, सल्ले सिद्ध गुफा, जुम्ली पोखरी, जन्ती ओलपीयको डाँडा प्याराग्लाइडिङ, चयरीलेख, आखेगरा सुपेगरा, ठुली दह, सांख दह, कालीका मन्दिर, वारिपोले मन्दिर, ठूली मूल, सानोभेरी, मण्डली थान, थुमा लेख भ्यूटावर, थुमालेख बराह मन्दिर, कामी बुढा शहिद पार्क, तीन बहीनी लेख, युद्ध पर्यटन, लुकभिर गुरिल्ला सुरुङमार्ग, सानोभेरी नदिमा ऱ्याप्टिङ, मुग्लुखोला धार्मिम पर्यटकीय स्थल जस्ता महत्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक स्थलहरुको उचित संरक्षण पवर्द्धन र जिर्णोद्धार गरी यसको ब्यवस्थापन गर्न नगरले समुचित ब्यवस्था गरी संचालन गर्ने नीति लिईने छ ।

९६. धार्मिक, ऐतिहासिक, पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निर्माण गरी संरक्षण तथा प्रवर्द्धन गर्न सम्वन्धित निकायहरुसंग समन्वय गरी अवश्यक जग्गा अधिग्रहण गर्ने कार्यलाई अगाडि बढाइनुका साथै सो क्षेत्रबाट प्राप्त सेवाशुल्क, प्रवेश शुल्क, रोयल्टिका आम्दानीहरुलाई ब्यवस्थित गरी संस्थागत विकास गर्ने नीति लिईने छ ।

९७. यस नगरपालिकाको वडा नं. १ को वारेगैरा वन क्षेत्रमा प्राकृतिक पर्यटकीय पार्क निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्यको थालनी गरिने छ ।

९८. मुसिकोट नगरपालिकाको क्षेत्र भित्र बहुउश्यीय ताल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेकोले निर्माणको कार्य अगाडि बढाउन सम्वन्धित निकायहरुसंग समन्वय गरी जग्गा अधिकरण गर्ने र लगानी जुटाउने कार्य गरिनेछ।

९९. पर्यटकीय क्षेत्रको रुपमा रहेको ठुली दहसम्म पुग्ने सहज पहुँच मार्ग निर्माण लगायत अन्य पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१००. नगरपालिका क्षेत्रमा पर्यटन व्यवसायको विकास तथा विस्तारको लागि स्थानीय कला तथा सँस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

१०१. मुसिकोट नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, सस्कृति, सम्पदा तथा परम्पराको संरक्षणमा जोड दिइने छ ।

१०२. यस क्षेत्रमा रहेका ताल, तलैया, पर्यटकीय स्थलको प्रवर्द्धन, विकास र उपयोग मार्फत आन्तरिक तथा वाह्यय पर्यटनको प्रवर्द्धन गरिने छ ।

१०३. आन्तरीक तथा वाहीय पर्यटकलाई सेवा उपलब्ध गराउने उद्धेश्यले घरवास (HOME STAY) संचालन कार्यविधि बनाई घरबास संचालन गर्न प्रोत्साहीत गरिनेछ ।

१०४. मुसिकोट नगरपालिका वडा नं ४ चांपामा रहेको एतिहासिक महत्वको मुसी दरवार क्षेत्रको जग्गा नगरपालिकाको स्वामित्वमा लिई सो दरवारको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक पहल गरि थप संरचना निर्माण कार्यको थालनी यसै अवमा गरिनेछ।

१०५. ऐतिहांसिक एवं सांस्कृतिक महोत्व बोकेका साँख र लोरिवाङ क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गरी नमुना वस्तीको विकास गरिनेछ ।

१०६. मुसिकोट नगरपालिकाको विभिन्न क्षेत्रहरुमा मौलिक संस्कृतिको रुपमा परम्परा देखी मनाउदै आएका मेला महत्सव र मठ मन्दिरहरुको संरक्षणको प्रवन्ध गरिनेछ ।

१०७. पर्यटन प्रर्वद्धन तथा मानिसहरुको आगमनको दुरी घटाउने उद्धेश्यले नगरपालिकाको वडा नं. १ खलंगमा बनेका २ वटा झुलुङ्गे पुलको व्यवस्थीत गरी संचालन तथा संरक्षणका कार्य गरिनेछ ।

१०८. मुसिकोट नगरपालिका अन्तर्गत रहेका बिभिन्न पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बिह्यय पर्यटकहरुद्धारा गरिने फोहरहरुको व्यवस्थापनको लागी पहल गरिने छ

**नगर सभा सदस्यज्यूहरु,**

**शिक्षा नीति**

**"गुणस्तरीय शिक्षा, शुलभ स्वास्थ्य र समधुर सम्वन्ध, सहभागिता समावेशी र समतामूलक समाजको प्रबन्ध"**

१०९. मुसिकोट नगरपालिका स्थित विद्यालयहरुको नक्शांकन, न्युनतम दरवन्दी तथा पुर्वाधार रहनेगरी विद्यालयहरुको समायोजन, तह मिलान, दरवन्दी मिलान, शिक्षक व्यवस्थापन गरिनेछ ।

११०. सामुदायिक विद्यालयहरुमा संचालित तह अनुसार हुनेगरी नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिनेछ । प्रधानाध्यापक छनौट गर्दा आवश्यक दक्षता भएका शिक्षकलाई छनौट गर्न प्रोत्साहित गरिनेछ ।

१११. बालविकास केन्द्रहरुलाई बालबालिका मैत्री बनाइनेछ । बालविकास सहजकर्ताहरुलाई स्थानीय सरकारबाट प्राप्त पारिश्रमिकमा स्थानीय सरकारबाट थप प्रोत्साहन रकम उपलब्ध गराएको कार्यलाई निरन्तरता दिइनेछ ।

११२. संघीय, प्रादेशिक तथा स्थानीय योजना छनौट तथा सिफारिस गर्दा विद्यालयको अवस्था र आवश्यकताको आधारमा न्यायोजित हुनेगरी विद्यालय छनौट गरिनेछ ।

११३. शिक्षामा नविनतम् प्रबिधिको प्रयोगमा जोड दिइनेछ । शिक्षण सिकाइमा प्रविधिको अधिकतम् उपयोग गरिनेछ । AI लगायत प्रविधिको क्षेत्रमा भएका नविनतम प्रविधिहरुलाई शिक्षण सिकाइमा अधिकतम सदुपयोग गरिने नीति लिइनेछ ।

११४. शिक्षकहरुलाई प्रोत्साहनको नीति अवलम्वन गरिनेछ । राम्रो काम गर्ने र उत्कृष्ठ सिकाइ उपलब्धी हासिल गराउने सम्बन्धित विषयका शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गरिनेछ ।

११५. नगर पालिका स्तरमा रहेका विद्यालहरुलाई पायक पर्नेगरी विभिन्न विद्यालयहरुलाई नेतृत्वदायी विद्यालयको रुपमा छनौट गरी सम्बन्धित विद्यालयहरुको समन्वय, अतिरिक्त क्रियाकलाप संचालनमा सक्रिय गराइनेछ ।

११६. शिक्षकहरुको क्षमता विकासलाई जोड दिइनेछ । संघ र प्रदेश स्तरीय क्षमता विकास तालिममा समानुपातिक सिद्धान्तमा आधारित रही शिक्षकहरु छनौट गरिनेछ भने पालिकास्तरमा शिक्षकहरुको मागको आधारमा छोटा अवधिका अनलाइन अफलाइन तालिमहरु संचालन गरिनेछ ।

११७. माध्यमिक तथा आधारभुत तहमा विषयगत पठनपाठन गराउने शिक्षकहरुको विषयगत समितिहरु निर्माण गरी विषयगत तथा तहगत शिक्षण सिकाइमा देखिएका समस्याहरु शिक्षकहरुबाट नै समाधान गर्ने व्यवस्था मिलाइनेछ । विषयगत शिक्षण अनुभव आदान प्रदान कार्यलाई व्यवस्थित गरिनेछ ।

११८. अनुगमन, निरीक्षण र पेशागत सहयोगलाई प्रभाकारी बनाइने छ । कम्तिमा महिनाको एक पटक नगर प्रमुख, उपप्रमुख, शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, विषयगत विज्ञ लगायतको सहभागितामा संयुक्त अनुगमन निरीक्षण गरिनेछ ।

११९. स्थानीय तहमा संचालित नीजि लगानीका विद्यालय सहित सबै विद्यालयको नियमित अनुगमन, पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा प्रभावकारी नियमन गरिने छ ।

१२०. विद्यालयका समग्र पक्षको अध्ययन गरी सुधारको कार्ययोजना तय गरिनेछ । सबै सामुदायिक विद्यालयमा खानेपानी तथा शौचालय व्यवस्थालाई निरन्तरता दिदै सरसफाइको उचित प्रबन्ध गरिनेछ।

१२१. विद्यार्थीहरुको प्रतिभा पहिचान तथा प्रस्फुटनको निम्ती विद्यालय तथा नगरपालिका स्तरमा तथा पायक पर्ने स्थानमा मेयर कप तथा नगर प्रमुख अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।

१२२. विद्यार्थी मुल्याङ्कन प्रणालीमा आवश्यक सुधार गरिनेछ ।परीक्षा तथा मूल्याङ्कनलाई नगरपालिका स्तरमा स्टान्डर्ड कायम गर्नको लागि परीक्षा प्रणालीलाई ब्यबस्थित तथा मर्यादित बनाइने कार्यलाई थप प्रभावकारी बनाइने छ । सामुदायिक विद्यालयका कक्षा ४ देखि ११ सम्मका विद्यार्थीहरुको त्रैमासिक तथा बार्षिक परीक्षा नगरपालिका मार्फत गरिने नीतिलाई कायम राखिनेछ ।

१२३. नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप संचालन, परीक्षा व्यवस्थापन र अन्य सम्पूर्ण क्रियाकलापहरु समेटिने गरी नगरपालिका स्तरीय बार्षिक शैक्षिक पात्रो निर्माणलाई निरन्तरता दिइने छ ।

१२४. नगरपालिका स्तरमा रहेका सामुदायिक विद्यालमा कार्यरत नगर करार शिक्षकलाई यथावत कायम गरिनेछ । विद्यार्थी संख्या, शिक्षक दरवन्दी, विद्यालय समायोजनको आधारमा नगर करार शिक्षक संख्या निर्धारण गर्नको लागि आवश्यक अध्ययन प्रतिवेदन तयार पारी

कार्यान्वयन गरिनेछ । संघिय मापदन्डमा आधारित रही विद्यालयहरुको तह कक्षा मिलान तथा समायोजन गरिनेछ ।

१२५. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा सुधार ल्याउनको लागि सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, ई पुस्तकालय, सूचना तथा संचार प्रविधिको पहुँच, शैक्षिक सामग्रीको उपलब्धता र उत्कृष्ट नतिजा तथा कार्यसम्पादन हासिल गर्ने विद्यालय, प्रअ, शिक्षकहरुलाई थप प्रोत्साहन अनुदानलाई निरन्तरता दिइ यो सुविधामा आधारभुत तहका विद्यालयहरुलाई समेत समेटिने छ ।

१२६. सामुदायिक विद्यालयहरुमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीहरुका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरी स्थानीय उत्पादनबाट दिवा खाजा ब्यबस्थालाई निरन्तरता दिइनेछ । दिवा खाजाको गुणस्तर कायम राख्न पौष्टिकता, सरसफाई, स्थानीयता र अन्य व्यवस्थापनमा थप सुधार गरिनेछ ।

१२७. सामुदायिक विद्यायलयहरुमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारी भएको बेला प्रयोग गर्ने स्यानिटरी प्याड विद्यालय नर्स मार्फत निशुल्क उपलब्ध गराउने ब्यबस्थालाई निरन्तरता दिइनेछ ।

१२८. स्यानिटरी प्याड आवश्यक पर्ने सबै छात्राहरुको तथ्याङ्क एकिन गरी समयमै विद्यालयमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१२९. बालबालिकाहरुमा मौलिक लोक, कला, संस्कृती, गीत, संगित, साहित्य, वाद्यवाधन तथा खेलकूद आदि विकास गर्नको लागि प्रत्येक सामुदायिक विद्यालयमा पुग्नेगरी सांस्कृतिक सहजकर्ता तथा खेलकुद प्रशिक्षकको व्यवस्थागरी घुम्ती रुपमा परिचालन गरिनेछ । विद्यार्थी प्रतिभा पहिचान तथा उत्कृष्ट प्रतिभाहरुको स्थानान्तर कार्यलाई प्रोत्साहित गरिनेछ ।

१३०. विद्यालयहरुलाई अखाध्य भोजन सेवन तथा जंक फुडबाट मुक्त गरिनेछ । विद्यालयहरुमा करेसाबारी, फुलवारी तथा विद्यालय प्राङ्गण हरियाली निर्माण कार्यलाई प्रोत्साहित गरिनेछ ।

१३१. विद्यालय शिक्षक कर्मचारीको आचारसंहिता पालनालाई कडाइपुर्वक नियमन गरिनेछ । मादक पदार्थ सेवन गरी विद्यालय हातामा प्रवेश गर्ने पेशाकर्मी वा अन्यलाई तत्काल कानुनी तथा विभागीय कारवाहीको प्रक्रिया थालिनेछ ।

१३२. शिक्षक विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण तथा कार्यान्वयनलाई कडाइपुर्वक पालना गरिनेछ ।

१३३. पाठ्यक्रम, शिक्षासम्बन्धी ऐन, नियम, कानुन र कार्यविधिहरुको कार्यान्वयनलाई प्रभाकारी बनाइनेछ। अन्य पालिका स्तरमा रहेका शैक्षिक सरोकारवालाहरुवीच अन्तरपालिका स्तरीय शैक्षिक अनुभव आदान प्रदान गरिनेछ ।

१३४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका समितिहरुको प्रचलित कानुन अनुसार गठन, पुनर्गठन, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

१३५. मुसिकोट नगरपालिका स्थित विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र नव निर्वाचित जनप्रतिनिधिहरुबीच बृहत् शैक्षिक अन्तरक्रिया कार्यक्रम संचालन गरी मुसिकोटको शैक्षिक सुधार अवधारणा पत्र तयार तथा कार्यान्वयन गरिनेछ ।

१३६. मुसिकोट नगरपालिका स्तरमा शिक्षासम्वद्द सरोकारवालाहरुको सुझाव, सहकार्य र समन्वय गरिनेछ ।

१३७. सेनेटरी प्याडको डिसपोज गर्न प्रत्येक विद्यालयहरुमा उपयुक्त व्यस्था गरिने छ ।

१३८. फरक क्षमता भएका विद्यर्थीको पठन पाठनलाई व्यवसायीक बनाउदै समायोजन गर्ने नीति लिई छुट्टै विद्यालयको व्यवस्था मिलाइनेछ।

१३९. दलित, विपन्न, द्वन्द्वपिडत र जेहेन्दार विद्यार्थीको पठनपाठनमा सहजताका लागि विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१४०. विद्यालयमा दैनिक उपस्थित विद्यार्थी संख्या रेसियोको आधारमा शिक्षक अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

१४१. विद्यालय स्तरमा शिक्षक कर्मचारी तथा विद्यार्थीहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सम्बन्धी चेतना बिकास तथा विस्तार गरिनेछ ।

१४२. औनपचारीक शिक्षामा कार्यरत परिचालकहरुको नेपाल सरकारको मापदण्ड अनुसार पारिश्रमीकको व्यवस्था मिलाईनेछ ।

१४३. संघिय सरकार र मुसिकोट नगरपालिकाको लागत साझेदारीमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम मुसिकोट सेरोफेरोमा आधारित रही स्थानीय पाठ्यपुस्तक छपाइ गरी सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई वितरण गरिनेछ ।

१४४. मुसिकोट नगरपालिका स्थित विद्यालयहरुलाई पायक पर्ने स्थानमा रही विभिन्न शैक्षिक गतिविधि संचालन गर्नको लागि सोंत केन्द्रको स्थापना तथा व्यवस्थापन गरिनेछ ।

१४५. शिक्षण सिकाइमा शिक्षकलाई प्राविधिक तथा पेशागत पृष्ठपोषणमा सहयोग गर्नेगरी विषय विज्ञको व्यवस्थापन गरिनेछ ।

१४६. मुसिकोट नगरपालिका स्थित विद्यालयहरुमा लामो समयसम्म सेवा गरी सेवानिवृत्त हुनुभएका शिक्षकहरुलाई प्रोत्साहन र सम्मान गरिनेछ । उहांहरुको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको शिक्षामा सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

१४७. नयां संघिय शिक्षा ऐनको आधारमा स्थानीय शिक्षा ऐन तथा नियमावलीलाई आवश्यक परिमार्जन, पुनर्लेखन तथा संशोधन गरिनेछ ।

१४८. प्रचलित कानुन अनुसार तोकिएको संख्या र प्रतिशत अनुसारका विद्यार्थीहरुको लागि संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रावृत्तिलाई नगरपालिकाबाट थप मापदन्ड बनाइ कार्यान्वयन गरिनेछ ।

१४९. विद्यालयमा आधारभुत तथा प्राथमिक स्वास्थ्य सुविधा सुनिश्चितताको लागि विद्यालय नर्स सेवालाई निरन्तरता दिइनेछ ।

## युवा तथा खेलकूद नीति

१५०. हरेक क्षेत्रमा युवा परिचालनको नीति अनुसार युवा नै परिवर्तनको सम्वाहक भएकोले उनीहरुलाई व्यवस्थाप्रति निराशा आउन नदिई आय-आर्जनमा लगाउन, विकास, विपद्

ब्यवस्थापन, संस्कृति प्रवर्द्धन लगायत रचनात्मक सहभागिता जनाउन विशेष युवा लक्षित प्रोत्साहन कार्यक्रम अवलम्बन गरिने छ ।

१५१. युवाहरुको सीप, क्षमता, दक्षता र प्राविधिक ज्ञानलाई मुसिकोटको विकासमा लगाई युवा रोजगारीको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

१५२. युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार, युवा महोत्सव र उत्कृष्ट खेलाडीलाई प्रोत्साहनका कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

१५३. मुसिकोट नगरपालिकामा योग्य र सबल नागरिक निर्माण गर्न युवाहरुका लागि खेल, मनोरञ्जन, ज्ञान र सीपको विकास गर्न **मेयरकप प्रतियोगिता खेलकूल** सञ्चालनलाई निरन्तरता दिइनेछ।

१५४. पार्क, खुलाक्षेत्र, व्यायामशाला तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जग्गा प्रयोगमा ल्याइने छ ।

१५५. मुसिकोट नगरपालिकामा निर्माणाधिन रंङ्गाशाला तथा खेलकूद मैदान, टेवाखोला र ब्राह टाकुरा खेल मैदानको उत्तोरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५६. शारीरिक तथा मानसिक विकासका लागि नगरमा खेलकुद युवा क्लवहरु स्थापना गर्न प्रोत्साहित गरिने छ ।

१५७. राष्ट्रपति रनिङसिल्ड प्रतियोगितालाई संचालन गरिनेछ ।

१५८. नेपाल स्काउटको सेवालाई प्रत्येक विद्यालयमा पुराई सेवा र सगठन विस्तार गरिने छ ।

१५९. प्रत्येक विद्यालयमा जुनियर रेडक्रस सर्कल गठन गरी  विद्यार्थीहरुलाई स्वय सेवामा लाग्न प्रेरित गरिने छ ।

१६०. खेलकुदको माध्यमवाट शारीरिक तथा मानसिक विकासका लागि विभिन्न संघ संस्थाहरुले आयोजना गर्ने खेलहरु संचालनको लागि नगरपालिकाले प्रोत्सिहत गर्नेछ ।

१६१. नगरमा खेलकुद क्षेत्रको विकासका लागि खेल शिक्षकको व्वयस्था गरी विभिन्न खेल सम्वन्धी विद्यालयस्तरमा प्रशिक्षणको व्वस्था मिलाइनेछ ।

**स्वास्थ्य नीति**

**१६२.** आम नगरबासीलाई सामाजिक स्वास्थ्य सुरक्षा बीमामा आबद्ध गराउदै लैजाने नीति लिइने छ ।

**१६३.** मुसिकोट नगरपालिका ४ नं वडा र ६ नं वडामा प्रस्तावित नगर अस्पतालको पुर्भाधार थपगरी सेवा संचालनमा ल्याइनेछ र वडा नं १० र १३ मा अधुरो रहेको स्वास्थ्य केन्द्र भवनलाई पूर्णता दिई यसै आ.ब.बाट उक्त भवनबाट सेवा सुचारु गर्ने व्यवस्था मिलाईनेछ ।

**१६४.** नियमित खोप सुदृधिकरण, पूर्णखोप सुनिश्चितता तथा दीगोपना कार्यलाई निरन्तरता दिइने छ ।

**१६५.** आफ्नो भवन नभएका र जीर्ण भवनबाट सेवा संचालन गरि रहेका स्वास्थ्य संस्थाहरुको भवन निर्माण प्रक्रिया अगाडी बढाउन पहल गरिने छ ।

**१६६.** महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई कार्य बोझको आधारमा प्रोत्साहन गरिने छ ।

**१६७.** नेपाल नेत्र ज्योतिसंघद्वारा संचालित आँखा उपचार केन्द्रलाई शिबिर संचालन र अन्य ब्यबस्थापनका लागि आवश्यक साझेदारी गरिने छ ।

१६८. सि.एम.सि.नेपालसंगको साझेदारी र समन्वयमा नगरपालिका भित्र मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।

१६९. वान हर्ट वर्ल्ड वाइडसंग समन्वय र साझेदारीमा मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम साझेदारीमा संचालन गरिने छ ।

१७०. स्वास्थ्य क्षेत्रमा काम गर्नको लागि आउने गैह्र सरकारी संस्थाहरुलाई आबश्यकता र औचित्यका आधारमा सहमती प्रदान गरिनेछ ।

१७१. आमा सुरक्षा कार्यक्रम अन्तरगत सुरक्षित सुत्केरी सेवा प्रदान गर्न मुसिकोट नगर भित्र संचालनमा रहेका बर्थिंग सेन्टरहरुलाई थप ब्यबस्थित गराईने छ र हाल संचालनमा रहेको उत्तर प्रसुती सेवालाई निरन्तरता दिइनेछ ।

१७२. बर्षमा कम्तिमा एक पटक स्वास्थ्य सेवाको पहुँच बाहिर रहेको बस्तीमा महिला, बिपन्न, दलित, जनजाति लक्षित बर्गको लागि लै.स.सा.स.को माध्यमबाट जनता सँग नगरप्रमुख स्वास्थ्य जाँच शिबिर संचालन गरिनेछ ।

१७३. मानिसलाई शारीरिक तन्दुरुस्तीको लागि नगरपालिका भित्र खुला व्यायामशाला स्थापना गरिनेछ ।

१७४. गर्भवती सुत्केरी, असाहाय, मानसिक समस्या भएका, सडक दुर्घटनामा परेका व्यक्तिहरुको उद्धार गर्ने र यस अघि दिइदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।

१७५. नगर भित्र विभिन्न कारणले मृत्यु भएकाको शबलाई सम्बन्धीत स्थानमा पुर्याउनको लागि शब बाहनको यसै आ.ब.बाट व्यवस्था गरिनेछ ।

१७६. मानसिक स्वास्थ्य सबलम्बन समुहको जीविकोपार्जन आर्थिक तथा संस्थागत क्षमता बढाउने कार्यक्रम ल्याईनेछ ।

१७७. मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति रणनैतिक कार्य योजना तयार गरि सो को प्रभाबकारी कार्यन्वयनका निम्ति विभिन्न खालका प्रबधनात्मक ,रोकथाममुलक कार्यक्रम र उपचारात्मक सेवालाई थप प्रभाबकारी र विस्तार गरिनेछ।

१७८. सडक मानवलाई ब्यबस्थित गर्न मानव सेवा आश्रम सँग सहकार्य गरी सक्दो अनुदान दिइनेछ ।

१७९. कडा खालका मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा तथा बिशिष्टकृत उपचारमा जोड्नका लागि बनाइएको कोषलाई थप बलियो बनाई नियमित संचालनमा ल्याइनेछ ।

१८०. विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा ठुला खालका बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

१८१. क्षयरोग मुक्त पालिका अभियान कार्यक्रमलाई थप प्रभावकारी ढंगले संचालन गर्न निरन्तरता दिइनेछ ।

१८२. स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधीको अभाव हुन् नदिन बजेटको व्यवस्था गरिनेछ

१८३. कम जनशक्ति भएका स्वास्थ्य संस्थाहरुमा बढि भएका स्वास्थ्य संस्थाबाट कामकाजमा खटाई ब्यबस्थापन गरिनेछ ।

१८४. स्वास्थ्य केन्द्रहरुमा बिद्धुत, ईन्टरनेट, बैकल्पिक उर्जा,कम्प्युटरको ब्यबस्था गरी सेवालाई प्रभावकारी गराईनेछ ।

**खानेपानी नीति**

१८५. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिने छ सबै नगरवासीहरुलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि एक घर एक धारा नीति १४ वटै वडाहरुमा विस्तार गरी कार्य सम्पन्न गर्दै लगिने छ।

१८६. लिफ्टिङ खानेपानी शुरुवात भएका स्थानहरुमा प्रभावकारी कार्यान्वयन गरिनुका साथै नयाँ आयोजनाहरु पनि लिफ्ट विधिद्धारा संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८७. नगरका विभिन्न क्षेत्रमा रहेका मुहानहरुको पहिचान गरी नियमानुसार दर्ता गरेर संचालन र व्यवस्थापन गरिने छ । सार्वजनिक जग्गामा रहेका मुहानहरुको संरक्षण, नियमन तथा व्यवस्थापन गरिने छ । प्रत्येक वडामा खानेपानी वितरण सम्बन्धी वडागत रुपमा उपभोक्ता समितिहरु निर्माण गरी वडागत खानेपानी व्यवस्थापनलाई एकिकृत र प्रभावकारी गरिने छ ।

१८८. खानेपानीका स्रोतहरुलाई सामुदायिक रुपमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ निजी स्तरमा प्रयोग भएका खेपानीलाई निरुत्साहीत गरीनेछ ।

१८९. खानेपानीलाई व्यवस्थित वितरण गरी दोहोरो पनलाई निरुत्साहीत गरीने छ ।

१९०. मुनपा १ र ५ खलंगा सेरीगाउँमा मा रहेको खानेपानीको वितरण सेवालाई सवैको सहज पहुंचमा पुर्याई संचालन तथा व्यवस्थापन गर्न अति गरिव, दलित तथा विपन्न नागरिकहरुलाई न्यूनतम शुल्कमा मुसिकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१९१. नगरवासीहरुलाई शुद्ध र गुणस्तरीय खानेपानी उपलब्ध गराउनका लागि नगरपालिकामा १ पानी जाँच ल्यापको स्थापना गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

**महिला बालबालिका तथा सामाजिक समावेशिकरण नीति**

१९२. नगरपालिकाको टोल, वडास्तरमा महिला समुह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा बृद्धि गरिने छ ।

१९३. लैंगिक हिंसा, घरेलु हिंसा सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइने छ ।

१९४. हिंसामा परेका महिला, बालबालिका तथा किशोरीहरुका लागि संचालन रहेको अल्पकालीन आवास गृहलाई निरन्तरता दिइनेछ ।

१९५. विपन्न र आर्थिक रुपमा बञ्चितीकरणमा परेका महिलाहरुलाई व्यवसाय संचालन तथा आयमूलक कार्यमा संलग्न गराई स्वरोजगारी सृजना गर्न व्यावसायिक सीप मूलक तालिम संगै बीउ पूँजीको व्यवस्था मिलाईने छ।

१९६. स्थानीय तहका कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैंगिक उत्तरदयी बजेट प्रणालीलाई अनिवार्य गर्दै अनुगमन तथा मूल्यांकनका संयन्त्र निर्माण गरिने छ ।

१९७. हिंसाबाट प्रभावित भएका महिलाहरुका लागि मनोविमर्श सेवा संचालन गरिने छ ।

१९८. हिंसामा परेका महिलाहरुलाई सहज न्यायमा पहुँच, आवश्यक संरक्षण र आत्म निर्भताको लागि व्यवसाय संचालन गर्नका लागि हिंसा निवारण कोषलाई निरन्तरता दिईने छ ।

१९९. लैंगिक समानता तथा समाजिक समावेशिकरण रणनीतिलाई प्रभवाकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**बालबालिका नीति**

२००. बुवा आमा गुमाएका अनाथ बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग र शैक्षिक वृतिमा विशेष व्यवस्था गरिनेछ । सोका लागि नीजि विद्यालय र शैक्षिक प्रतिष्ठानहरुमा निश्चिच प्रतिशत कोटा छुट्याउन बाध्यकारी नीति अवलम्बन गरिने छ ।

२०१. बालबिबाह र बालहिंसा एवं बाल दुर्व्यवहार न्युनीकरण सम्बन्धी तर्जुमा भएका कानूनहरुको बारेमा सचेतनाका कार्यक्रम संचालन गर्दै उक्त कानूनहरुलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।

२०२. विभिन्न कारणले जोखिममा रहेका बालाबालिकाको आपतकालिन उद्धार तथा पुनस्थापनको लागि वाल उद्धार कोष स्थापना गरिने छ ।

२०३. विद्यालय, नगर तथा वडामा बालक्लव गठन गरी चेतना अभिवृद्धिमुलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२०४. स्थानीय तहमा सडक तथा बेबारिसे बालबालिकाहरु लगायत दुर्व्यशनमा फसेका बालबालिकाहरुको पहिचान गरि उनीहरुको पुर्नस्थापना कार्यक्रम संचालन गरिने छ ।

२०५. बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न नीति बनाई बाल संबेदनशील बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

२०६. मुसिकोट नगरपालिका अन्तर्गत बालिकामैत्री, आपाङ्गमैत्री, सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरुको प्रवर्द्धन गर्न पूर्वाधार सुधार तथा विद्यालयमा स्यानीटेरी प्याड, बालिका र अपाङ्ग लक्षित खेलकुद लगायतका कायक्रमहरु संचालन गरिने छ ।

२०७. नगरको वडाहरुमा बालश्रम विरुद्ध विभिन्न अभियानात्मक कार्यक्रमहरु संचालन गरी बालश्रम मुक्त नगरपालिका घोषणा गर्न योग्य सूचकहरुको अवस्था विश्लेषण गरी बालश्रम मुक्त नगरपालिका घोषणा गरिनेछ ।

**२०८.** बाल विवाह अन्त्यको लागि पन्च वर्षिय रणनीतिलाई प्रभवाकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**अशक्त तथा अपांगता नीति**

२०९. अपाङ्ग भएका व्यक्तिहरुबाट सञ्चालित व्यवसायीक फर्म, आयआर्जन क्रियाकलाप, कृषिउपज उत्पादन, पशुपालन व्यवसायमा उनीहरुले पेश गरेको परियोजनाको लागि नगर सरकारबाट विशेष प्रोत्साहन र सहयोगको कार्यक्रम सञ्चालन गरिनेछ । सोको प्रभावकारिताको लागि नियमन गरिने छ ।

२१०. यस नगरपालिका भित्र हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिइने छ।

२११. अपांगता भएका व्यक्ति र परिवारको जीवनस्तर सुधार गर्न, सहज जीवन यापनका लागी आवश्यकताका आधारमा सीपमुलक तालिम दिई व्यावसाय संचालन गर्न सहयोग गरिने छ ।

२१२. अपांगता भएका व्यक्तिहरुलाई सहजरुपमा अपांगता परिचय पत्र प्राप्तिको लागि वडा वडामा घुम्ती सेवा शिविर निरन्तर संचाल गर्ने नीति अवलम्वन गरिने छ ।

२१३. अपांगता भएका व्यक्तिहरुको पक्षमा तर्जुमा गरिएका ऐन नियम तथा कानुनलाई समुदायका अपांगता भएका व्यक्ति र आश्रित परिवारहरु समक्ष पुर्याउनको लागि आवस्यक क्षमता विकास कृयाकलापहरु सञ्चालन गरिने छ ।

२१४. अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापन गर्न कृत्रिम हात, खुट्टा, ह्विलचियर लगायत आवश्यक सामाग्री वितरणको व्यवस्था गरिने छ ।

२१५. अपांगता रोकथाम गर्नको लागि अपांगता पहिचाहन गरी उपचार शल्यक्रिया अर्थोपेडिक सहायक सामाग्री पुनस्थापना गराई जीवन यापनमा सहजता गराइनेछ।

**जेष्ठ नागरिक नीति**

२१६. जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाइ ध्यानमा राखेर पाएक पर्ने वडाहरुमा स्वास्थ्य शिविर संन्चालन गरिने छ ।

२१७. सबै जेष्ठ नागरिकलाई अनिवार्य रुपमा स्वास्थ्य विमा कार्यक्रम भित्र आवद्ध गरिने छ ।

२१८. **"जेष्ठ नागरिक अनुभवका खानी, जेष्ठ नागरिकलाई बसालौं सम्मान गर्ने बानी"** भन्ने नारालाई आत्म साथ गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

२१९. जेष्ठ नागरिकहरुको लागी एक्लो महशुसको अन्त्य गर्न नगर स्तरीय जेष्ठ नागरिक दिवा सेवा संचालन कार्यलाई निन्तरता दिइनेछ र वडाहरुमा पनि जेष्ठ नागरिक दिवा सेवा लाइ विस्तार गरिने छ ।

२२०. जेष्ठ नागरीकहरुलाई संस्थागत रुपमा संगठित गर्न नगर स्तरीय जेष्ठ नागरीक समितिलाई आवश्यक सहयोग गरी जेष्ठ नागरीक सम्वाद चौतारी निर्माण गरिनेछ ।

२२१. जेष्ठ नागरीक पहिचान दिलाउने परिचयपत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

२२२. जेष्ठ नागरिकहरुको विचमा अनुभवहरुको आदान प्रदान तथा सिकाईका लागि अध्ययन अवलोकन भ्रमणकाका कार्यक्रमहरु संचालन गरिनेछ ।

**दलित नीति**

२२३. उत्पीडित र अति विपन्न दलित समुदायलाई स्वरोजगारी सँग जोडन पशुपालन, कृषि उत्पादन, लघुउद्यम व्यवसायमा जोड दिईने छ ।

२२४. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानामुक्त अभियान र जनता आवास कार्यक्रममा दलितलाई पहिलो प्राथमिकता राखी कार्यक्रम संचालन गरिने छ ।

२२५. प्राविधिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा संभाव्य देखिएका स्थानहरुमा समावेशी, जातीय सदभावयूक्त नमुना ग्रामीण तथा शहरी वस्ती स्थापना गर्न पहल गरिने छ ।

२२६. दलित समुदायमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, व्यवसायिक, आर्थिक रुपान्तरणका लागि सचेतना एवं सशक्तिकरण अभियान सञ्चालन गरिने छ ।

२२७. दलित समुदायको परम्परागत सिपलाई संरक्षण, प्रवर्द्धन, रोजगारी सृजना तथा तालिम संचालन गरी आवश्यकताका आधारमा आवश्यक सामाग्री उपलव्ध गराई व्यवसायी बनाइनेछ ।

**आदिवासी जनजाति नीति**

२२८. आदिवासी जनजातीको परम्परागत संस्कृति र संस्कारलाई जर्गेना गर्ने नीति लिइनेछ ।

**सशस्त्र द्वन्द्व प्रभावित नीति**

२२९. सशस्त्र द्वन्द्वको समयमा सहिद, घाइते, अपाङ्ग, वेपत्ता तथा प्रभावित महिला बालबालिकामाथि भएका यौन जन्य हिंसावाट पिडित व्यक्तिहरुको जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२३०. सशस्त्र द्वन्द्वबाट शहिद भएका परिवारका सदस्यहरुलाइ स्वास्थ्य विमामा समावेश गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति**

२३१. व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप प्रभावकारी र आधुनिक प्रविधीमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरुलाई ल्याईनेछ ।

२३२. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउन भत्ता नविकरण प्रक्रियालाई बायोमेट्रिक भेरिफिकेशन प्रणालीमा लगिनेछ जसका लागी आवश्यक उपकरणहरु (जस्तै : Finger Print Scanner With Card Reader & Iris Scanner ) खरिद गरी कार्यन्वयनका लागी तालिम तथा गोष्ठी सञचालन गरिनेछ ।

२३३. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण समयमै नविकरण गर्न/गराउन जनचेतना कार्यक्रमलाई प्रचार-प्रसार गरिनेछ ।

२३४. डिजिटाईजेशन गरिएका पुराना हस्तलिखित व्यक्तिगत घटना दर्ताको विवरणलाई अन्तिम प्रमाणिकरण गरिनेछ ।

२३५. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सँग सम्बन्धित विभिन्न विषयवस्तुहरु (जस्तै : दर्ता, नविकरण, अद्यावधिक र प्रतिलिपी) का बारेमा समुदाय स्तरमा अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।

२३६. Biometric Verification को माध्यमबाट नविकरण गर्नको लागी आवश्यकताको आधारमा घुम्ति सिविर सञ्चालन गर्ने ।

२३७. MIS प्रणाली सुदृढिकरण तथा परिवर्तित System को बारेमा जानकारीका लागी शाखा तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**
**पूर्वाधार विकास नीति**

**“दिगो र वातावरणमैत्री पूर्वाधार, समृद्ध मुसिकोट निर्माणको आधार”**

२३८. मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

२३९. राप्ती तथा मध्य पहाडी राजमार्गमा यात्रु प्रतिक्षालय तथा यातायात विश्राम स्थल र सार्वजनिक शौचालय निर्माण गर्नका लागि सम्वन्धित साझेदारहरुसंग साझेदारीमा काम गर्न पहल गरिने छ।

२४०. स्थानीय नदी, खोला तथा बगरहरुवाट नदिजन्य पदार्थ उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन नभएका स्थानहरुमा (IEE) तयार गरी कार्यान्वय गरिने छ ।

२४१. २०८० कार्तिक १७ जाजरकोट केन्द्र विन्दु बनाई गएको भुकम्पवाट क्षेती हुन गएका सरकारी तथा व्यक्तिगत भौतिक पूर्वाधारका संरचनाहरुको DPR तायर भईसकैकोमा पुनःनिर्माण र प्रवलीकरणका कार्यहरु गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुसंग समन्वय गरी निर्माण कार्य याथासिघ्र सुरु गर्न पहल गरिनेछ ।

२४२. नक्सा पास कार्यविधि पास भई नक्सा पासको काम समेत शुरु भईसकेको परिप्रेक्ष्यमा सो काम लाई अझै प्रभावकारी वनाउनका लागि रेडियो कार्यक्रम, प्रचार सामाग्री छपाई, अभिमुखीकरण तालिम र गोष्ठी संचालन गरिने छ ।

२४३. संघ र प्रदेशमा योजना माग गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) अनिवार्य हुँदा सडक पुल, स्थानीय सडक, भवन, खानेपानी, सिंचाई पर्यटन आदिको DPR गरी वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

२४४. ढल निर्माण कार्य सम्पन्न भइसकेको खलंगा वजार तथा आसपासका क्षेत्रवाट निस्कने दुषित पानी व्यवस्थापन (Waste Water Management) का लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वयन गरिने छ ।

२४५. मुसिकोट नगर पालिकाको बजार क्षेत्रहरुमा गैर सरकारी संस्थाहरु संगको साझेदारीमा नियमित पानी सहितको सार्वजनिक शौचालय निर्माण निरन्तरता र प्रयोग प्रभावकारी गराइने छ ।

२४६. वाढी, पहिरो, महामारी जस्ता विपद जन्य घटना पीडित नगरबासिलाई उद्धार प्रश्चात आश्रय दिनका लागि सदरमुकाम आसपासको क्षेत्रमा २० देखि ३० जना सम्म क्षमता भएको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्न पहल गरिने छ ।

२४७. पूर्वाधार निर्माण कार्यलाई अझै पारदर्शी, मितव्ययी र प्रभावकारी वनाउनका लागि योजनाहरुको वर्गीकरण गरी स्थानीय आयोजना वैंक स्थापना गर्ने र कार्यान्वयन योग्य योजनाहरु क्रमशः कार्यान्वय गर्दै लगिने छ ।

२४८. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक कार्यहरुमा सहज पहुंचताका लागि नगरपालिका अन्तर्गत निर्माण गरिने भौतिक पूर्वाधार निर्माणका कार्यहरु संचालन गर्दा अपाङ्गमैत्री बनाइने छ ।

२४९. सवारी साधनहरुलाई व्यवस्थित रुपमा पार्किङ्ग गर्न मुसिकोट नगरपालिका २ नं. वडामा सिटि वस पार्क निर्माणको कामलाई अझै प्रभावकारी बनाई संचालनमा ल्याइने छ ।

२५०. खलंगा स्थित शहिद मैदानमा सानो गाडी र मोटरसाइकिल पार्किङका लागि बहुतले पार्किङ भवनको वेसमेन्ट तयार भएको र बाँकी तलाहरु निर्माण गर्ने काम थालनी गरीनेछ ।

२५१. मुसिकोटको सौन्दर्यता, पर्यटन विकास , सिंचाई तथा विद्युत उत्पादन गर्न मुनपा १ दमखोलामा कृत्रिम ताल निर्माणको लागि DPR तयार भैसकोले आर्थिक लगानीको स्रोत खोजी गरी निर्माण गरिनेछ ।

२५२. नगर क्षेत्रमा सम्पूर्ण व्यक्तिहरुलाई सहज रुपमा परिवहन गर्नकालागि नगरवस संचालन गर्न पहल गरिनेछ ।

२५३. खलंगा लगायतका वजार क्षेत्रवाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि प्रशोधन सहितको व्यवस्थित Landfill Site को निर्माण कार्यलाई निरन्तरता दिइ संचालनमा ल्यइनेछ ।

२५४. मुसिकोट नगरपालिकका विभिन्न मुहान तथा ताल तलैयाहरुमा पानी संकलन गरी (Recharge) पोखरी निर्माण गर्ने नीति लिइने छ ।

**झोलुङ्गे पुल नीति**

२५५. मुसिकोट नगरपालिका क्षेत्र भित्रका नदि तथा खोलाहरुमा नगरबासीहरुको सहज आवजजावतका लागि झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

२५६. निर्माण सम्पन्न झोलुङ्गे पुलहरुमा झोलुङ्गे पुल संरक्षक नियुक्ति गरी नियमित मर्मत तथा संरक्षणको कामलाई निरन्तरता दिइनेछ ।

२५७. झोलुङ्गे पुल संरक्षकहरुलाई टुल सहितको झोलुङ्गे पुल संरक्षण तालिम गराउने कार्य निरन्तरता दिइनेछ ।

**सडक नीति**

२५८. वडा कार्यालयहरुसम्म पुग्ने कच्ची सडकहरुको स्तर उन्नती तथा आवश्यक मर्मत गरी बाह्रै महिना संचालन योग्य बनाईने छ ।

२५९. स्थानीय सडकहरु निर्माण गर्दा प्राकृतिक माटोको क्षय भई प्राकृतिक प्रकोप निम्तिन सक्ने संभावनालाई मध्यनजर गरी त्यसको न्यूनिकरण गर्न लागत इष्टमेटमा ५ प्रतिशत बजेट वायो ईन्जिनियरिङ (Bio Engineering) कार्यमा विनियोजन गर्न लगाईने कार्यलाई निरन्तरता दिइनेछ ।

२६०. नयाँ सडकहरु निर्माणको कामलाई वातावरण मैत्री र दिगो वनाउनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी कार्यान्वय गरिने छ ।

२६१. सडक स्तरोन्नतिको मुख्य काम नै सडक चौडाई, घुम्ती तथा चढाई सुधार भएको र यसका लागि अतिरिक्त जग्गा आवश्यक पर्ने भएकोले सो को सुनिश्तता गरेर मात्र योजना माग गर्ने वा कार्यान्वयन गर्ने नीति लिइने छ ।

२६२. बढदो सवारी दुर्घटनालाई मध्यनजर गरी ट्राफिक प्रहरी र स्थानीय सरोकरवालाहरु संगको समन्वयमा सडक सुशासन सम्वन्धी सचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

२६३. मर्मत संभार कोषको व्यवस्था गरी सम्पन्न योजनाहरुलाई दिगो बनाउन पहल गरिनेछ ।

२६४. सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी घर टहराहरु निर्माण गर्दा एकातिर नगरका सौन्दर्य विग्रिने र अर्को तिर दुर्घटनाको जोखिम बढने भएकाले जग्गा च्यापी तयार गरिएका घर टहरा वर्कसपहरु हटाउने प्रक्रियालाई निरन्तरता दिइनेछ ।

२६५. पहिरोको जोखिम कम गर्न वर्षादको समयमा खास गरी आषाढ देखि आश्विन सम्म सडक खन्न पूर्ण रोक लगाईने छ ।

२६६. नगर क्षेत्रमा सार्वजनीक सडकहरुको अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहीत गरिनेछ ।

२६७. नगरपालिकको राप्ती लोकमार्ग र मध्यपहाडी लोकमार्गमा अवरोध रहीत आवागनमा सुनिश्चितता गरिने छ ।

२६८. सडकका कारण अन्य क्षेत्रमा प्रतिकुल असर पर्न नदिन वातावरणीय प्रभाव मुल्यांकनको आधारमा हरित सडक निर्माण, सडकमा हरीयाली प्रवर्द्धन तथा सडक र बजार क्षेत्रको सजावटको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६९. नगर क्षेत्रमा नयाँ सडक खन्नुको साटो भएका सडकहरुको स्तर उन्नतीमा विशेष ध्यान दिइने छ ।

२७०. सडकलाई वातावरणमैत्री बनाउन सडकको सरसफाई मर्मत सभार र हरीयाली बनाउने कार्यलाई प्रभावकारी ढंगवाट अगाडि बढक्इनेछ ।

२७१. सडक बत्तीको सेवालाई थप प्रभावकारी बनाई आवश्यकता अनुसार सेवा विस्तार गरिनेछ ।

२७२. सदरमुकाम खलगा आसपास र भित्री सडकहरुलाई निर्माण, पुर्ननिर्माण, मर्मत संभार तथा सरसफाई गरी नगरको गरीमा र पर्यटन प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

**भवन नीति**

२७३. भवन नक्सा पास तथा अभिलेखिकरण कार्यलाई प्रभावकारी वनाउनेछ । सदरमुकाम आस पास तथा वजार क्षेत्रका भवनहरुको अभिलेखाङ्कन कार्यलाई निरन्तरता दिइनेछ।

२७४. आफ्नै भवन नभएका वडा नम्वर ४ र १४ का वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकता दिई भवन निर्माण कार्य अगाडी बढाइनेछ ।

२७५. सार्वजनिक तथा नीजि भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिईने छ ।

२७६. नगरपालिकालाई वातावरणमैत्री नगरपालिका निर्माण गर्नको लागि फलफुल तथा पुष्पको नर्सरी स्थापना गरी एक घर दुई रुख तथा एक घर पांच गमला अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२७७. नक्शा पास विना निर्माण भएका नगर क्षेत्रका घरहरुको अभिलेखिकरण गर्न चालु आ.व.मा निवेदन दिई प्रक्रियामा आउनेलाई लाग्ने **दस्तुरमा ५० प्रतिशत** छुट दिईने व्यवस्था गरिने छ।

२७८. नगरपालिकावाट निर्माण सम्पन्न भएका विभिन्न भवन संरचनाहरुको मर्मत संभार गरिने छ र निर्माणाधिन भवनहरु यसै आ.व. भित्र सम्पन्न गरिने छ ।

२७९. नक्सा पास गर्दा खानेपानी टयाकी सेप्टी टयांकी र पाकिङ लगायतका व्यवस्थालाई अनिवार्य गरी घरनक्सा पास गरीने नीति लिइनेछ ।

२८०. मुसिकोट नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागि आवश्यक भएको जग्गा खरीद कार्य यसै आर्थिक वर्ष भित्र गरिनेछ ।

**विधुतिकरण नीति**

२८१. आगामी आ.व.मा नेपाल विद्युत प्राधिकरणको समन्वयमा नगरपालिकालाई पूर्ण विद्युतिकरण गरी अध्यारोमुक्त नगरपालिका घोषणा गरिनेछ ।

२८२. नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित साना लघुजलविद्युत आयोजनाहरुको मर्मत सम्भार तथा लघु जलविद्युतहरुवाट उत्पादित विद्युतलाई केन्द्रिय प्रसारण लाइनमा आवद्धता गर्न नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम सँगको समन्वयमा आवश्यक पहल गरिने छ ।

२८३. मुसिकोट नगरपालिका भित्र २ फेजको विद्युत लाइन विस्तार भई विद्युत सेवा उपभोग गरिरहेका क्षेत्रहरुमा ३ फेजको लाइन विस्तारकालागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी संचालन गरीने छ ।

२८४. विभिन्न समयमा विस्तार भएका विद्युत लाइनहरुलाई व्यवस्थीत गरी सडक छेउबाट सन्चालनमा ल्याउने ब्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी कार्य संचालन गरीने छ ।

२८५. हाल विद्युत लाइन विस्तार गरी विद्युत सेवा प्रदान गर्न नसकिने नगरपालिका स्थानहरुमा वैकल्पिक उर्जा कार्यक्रम मार्फत जोडिने छ ।

२८६. मुसिकोट नगरपालिका संचालीत लघु जलवुतलाई मर्मत सभार गरी केन्द्रिय लाइनमा जोडने कार्यमा सहयोगका लागि दाताको खोजी गरी व्यवस्थीत गरिनेछ ।

२८७. कार्यरत प्राविधिक कर्मचारीहरुलाई समयानुकुल योग्य बनाउनका लागि तालिमको व्वयस्था गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**वन तथा वातावरण नीति**

**"मुसिकोटको हरियाली भूमी, जोगाई राखौं जुनीजुनी"**

२८८. सामुदायिक वन तथा अन्य निकायको सहयोगमा वृक्षा रोपणका कार्यक्रमहरुलाई अगाडि बढाइने छ ।

२८९. वनलाई वातावरण संरक्षण सँगसँगै आय आर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिने छ ।

२९०. सामुदायिक वनलाई पर्यापर्यटनको माध्यमद्धारा पर्यटकीय स्थानमा प्रयोग गरी स्थानीय वासिन्दाहरुको आयश्रतमा वृद्धि गरिनेछ ।

२९१. स्थानीय वन ऐन बनाई वनलाई संरक्षण गरिनेछ ।

२९२. नदी, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई निरुत्साहन गरिनेछ ।

२९३. खोला, नदिमा विद्युतिय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरिवाना गरिने छ । साथै जलीय पारिस्थितिक प्रणालीलाई संरक्षणमा विशेष जोड दिइने छ ।

२९४. जलाधार संरक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाइने छ ।

२९५. सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन समुहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गिरनेछ । साथै मुदायिक वन उपभोक्ता समितिहरुलाई नगरपालिकाको राजश्वको दायरामा ल्याइनेछ ।

२९६. नगरपालिका वडामा बसोवास गर्ने नागरिकहरुको अस्पताल, दुर्घटनास्थल, वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम मुनपा ३ को सानीभेरी मुग्लुखोला घाटमा अन्त्येष्टि गर्न दाउरा निशुल्क दिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

**फोहरमैला व्यवस्थापन नीति**

२९७. **"फोहर जसले गर्छ उसले मुल्य तिर्नु पर्दछ"** भन्ने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलालाई विभिन्न संघ संस्था सरकारी कार्यालय र नगरबासीबाट शुल्क उठाई फोहोर साझेदारी प्रणालिमा उचित व्यवस्थापन गरिने छ ।

२९८. सदरमुकाम आस पासका क्षेत्रवाट निस्किने फोहर मैलालाई व्यवस्थापन गर्नका लागि डम्पिङ साईटको पहिचाहन भई विस्तृत आयोजना प्रतिवेदन (DPR) समेत तयार गरि सकिएकोले योजनालाई सिघ्र कार्यान्वय गर्ने कार्यलाई निरन्तरता दिई आ.व. २०८२/०८३ देखी फोहर स्थानांतरण गरिनेछ ।

२९९. फोहरमैला नै उत्पादन नगर्ने, न्युन गर्ने, त्यसलाई पुनः प्रयोग कार्यलाई व्यवहारमा अवलम्वन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामूलक कार्यक्रम संचालन गरिने छ साथै फोहरवाट वायो ग्यास उत्पादनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग आवश्यक समन्वय गरिनेछ ।

३००. डम्पीङ्ग साइडको लागि आवश्यक जग्गा थप गर्ने कार्यालाई निरन्तरता दिई व्यवस्थीत रुपले फोहर व्यवस्थापनका कार्यहरु गरिनेछ ।

३०१. फोहरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरलाई मल वनाई करेसावारीमा प्रयोग गर्ने कार्य अवलम्बन गरिने छ ।

**३०२.** नगरका बजार, राजमार्ग तथा नदी आसपासका क्षेत्रमा प्लास्टिक प्रयोगको वैकल्पिक व्यवस्था गरी फोहोर मैला व्यवस्थापनका लागि स्थानीय टोल र वस्तीहरुसँग सहकार्य गरिने छ ।

**३०३.** फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक साधनहरुको उचित व्यस्थापन गरिनेछ।

**३०४.** फोहर लेदो संकलनका लागि नगरपालिकामा टंयाङ्करको व्यवस्था गरी सकिएकोमा फोहरमैला सम्वन्धी सवै सेवालाई सरसफाई कार्यक्रम बनाई लेदो फोहर व्यवस्थापन साइडको निर्माण गरिनेछ ।

**३०५.** बजारलाई स्वच्छ र सुन्दर राख्न सरसफाई कर्मी र कर्मचारीहरु परिचालनको कार्यलाई निरन्तरता दिइनेछ ।

**३०६.** फोहरमैला व्वस्थापनको कार्य गर्न छुट्टै शाखाको स्थापना गरी बजार सरसफाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**विपद व्यवस्थापन नीति**

३०७. विपदवाट हुने क्षती न्यूनीकरण गर्न समन्वय र सचेतनाका कार्यक्रम संचालन गरिने छ ।

३०८. नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति तयारी अवस्थामा राखिने छ ।

३०९. विपद व्यवस्थापनलाई 3C (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिने छ।

३१०. बाढी, पहिरो, डढेलो, खडेरी जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्न अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गरी पर्यावरणीय प्रणाली र समुदायको उत्थानशीलता विकास गरिने छ साथै पूर्वाधार विकासलाई वातावरणमैत्री बनाईने छ ।

३११. सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिने छ ।

३१२. जोखिम युक्त बस्तीहरुको स्थान्तरण एवम् विपद् प्रभावित क्षेत्रको पुनः निर्माण गर्न एकीकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गरी प्रदेश र संघीय सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकृया अगाडि बढाईने छ ।

३१३. विपदको प्रभावकारी रोकथाम, न्यूनीकरण र व्यवस्थापन गर्न विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी उपयुक्त व्यवस्थापन गरीने छ ।

३१४. खोज उद्धार र राहत कार्यलाई थप व्यवस्थीत गर्न पर्याप्त विपद सामाग्री खरीद र स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना गरिने छ ।

३१५. विपद व्यवस्थापन प्रतिकार्यको लागि आवश्यक पर्ने आगो निभाउने पम्प जडित टयाक्टरको व्यवस्था गरिनेछ ।

३१६. विपदको समयमा आवश्यक पर्ने अतिआवश्यक समाग्रीहरुको भण्डारणको व्यवस्था मिलाइनेछ ।

३१७. विपदको समयमा जनशक्ति परिचालन गर्न स्वयम सेवकहरुलाई तालिम दिई समन्यात्मक रुपमा युवाहरुलाई परिचालन गर्न नगर प्रहरी, सुरक्षा निकायहरु सम्मेलित एक प्रयोगात्मक अभ्यास (DEMO) गराइनेछ ।

३१८. विपद व्यवस्थापन शाखामा स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गरी शाखालाई व्यवस्थीत रुपमा परिचालन गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**मानव संसाधन विकास नीति**

**"ईमान्दार, जवाफदेही र सक्षम संयन्त्र, सिघ्र सेवा तिव्र विकास मुसिकोटको मुलमन्त्र"**

३१९. मुसिकोट नगरपालिकामा कार्यरत सबै जनशक्तिको कार्य विवरण र कार्य आदेश वनाई काममा एकरुपता र कार्यान्वयनमा प्रभावकारिता ल्याई योजना कार्यान्वयन र अन्य दैनिक प्रशासनिक काममा सिघ्रता ल्याउन आवश्यकता अनुसार कर्मचारीलाई आवश्यक तालिम, अभिमुखिकरण र गोष्ठीका कार्यक्रमहरु संचालन गरिने छ ।

३२०. कार्यालयबाट सार्वजनिक सेवा प्रवाह गर्दा कर्मचारीले उच्च मनोवलका साथ काम गर्ने वातावरणको सिर्जना गरिने छ । साथै सेवा प्रवाहमा नयाँपन ल्याउन तथा अन्यन्त्र पालिकाको अनुभव साटासाटका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

३२१. नगरपालिकाको सर्वोपरि हित हुने गरि राम्रो काम गरि उत्कृष्ठ नतिजा निकाल्ने कर्मचारीलाई पुरस्कृत गर्ने र आचार संहिता पालना नगर्ने, आफ्नो जिम्मेवारी बहन नगर्ने, काम पन्छाउने, अनियमितता भ्रष्टाचारमा संलग्न हुने एवं गैरकानुनी काम गर्ने जो कोहिलाई कानुन बमोजिम कारबाही तथा दण्डित गरिने छ ।

**सार्वजनिक सेवा प्रवाह नीति**

**"मुस्कान सहितको सेवा, आफै मिल्छ मेवा"**

३२२. नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा र सुविधालाई क्रमश: डिजिटाइजेशन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी बनाइने छ ।

३२३. नगरपालिका अन्तर्गतका सबै शाखा/इकाई/वडा कार्यालयबाट सम्पादित कामको गुणस्तर तथा सेवा प्रवाहको वास्तविक अवस्था जाँचबुझको लागी सम्बन्धित स्थानमा गई समय समयमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३२४. सेवा प्रवाहलाई गुणस्तरिय बनाउन तथा कर्मचारीहरुको पिर मर्का गुनासो तथा सेवा प्रवाह गर्दा आईपर्ने समस्या समाधानको लागी नियमित कर्मचारीहरुको बैठकलाई अझै व्यवस्थीत गरी निरन्तरता दिइने छ ।

३२५. सरकारले प्रदान गरेको सेवाहरुको मापन तथा सुधारको लागि सेवाग्राही सन्तुष्टि मापन कार्यको थालनी गरिने छ ।

३२६. जनताको सू–सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको समयमै सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरीने छ ।

३२७. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्यनमा ल्याउन आवश्यक समन्वय र अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

३२८. नगरपालिका भित्र सेवा प्रवाहलाई सुलभ र पहुंचयोग्य बनाउनको लागि एकिकृत घुम्ती सेवाहरु संचालन गरिने छ ।

३२९. सेवा प्रवाहलाई थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन नागरीक सहायता केन्द्र स्थापना गरी प्रभावकारीता बढाइने छ ।

३३०. मुसिकोट नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका अटो रिक्साहरुको उचित पार्किङको व्यवस्थापन गर्ने र अटो रिक्साले दिंदै आएको सेवालाई सुरक्षीत, व्यवस्थित तथा सेवामुखी बनाई संचालन गर्न प्रोत्साहन गरी सेवालाई निरन्तरता दिइनेछ ।

३३१. उत्प्रेरीत तथा उच्च मनोवलयुक्त कर्मचारीतन्त्रको सुनिश्चितता गरीनेछ ।

३३२. विकास निर्माणका कार्य गर्दा अवरोध गर्ने तथा निर्माण कार्य विफल वनाउने कार्य र प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

३३३. आप्रावासी स्रोत केन्द्र (सहायता कक्षको सेवा प्रवाह) स्थापना गरी सेवा प्रवाह गरिनेछ ।

**नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नीति**

३३४. नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाईने छ। ट्राफिक व्यवस्थापन, सडक अतिक्मण, प्राकृतिक स्रोत साधनको गैरकानूनी तस्करी नियन्त्रण, बजार, विद्यालय र सार्वजनिक क्षेत्रको सरसफाई, व्यवसाय दर्ता तथा सञ्चालन, मदिरा विक्री वितरण र सेवन, भवन निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटेल, दुध डेरी, मासु पसल, औषधि पसल राजश्व संकलन, शान्ति सुरक्षा तथा बिपद व्यवस्थापन, सरसफाई लगायत नागरिकको जनजिविकासंग सम्बन्धित विषयहरुलाई प्रचलित कानुनको अधिनमा रहि कडाईका साथ अनुगमन तथा समस्या समाधान गरि स्थानीय सरकारको अनुभूति गराउन सकृयता पूर्वक नगरका १४ वटै वडामा परिचालन गरिनेछ।

३३५. नगर प्रहरीको साँगठनिक संरचना र दरबन्दी अनुसार दरबन्दी सिर्जना गरी थप जनशक्तिको व्यवस्था गरी प्रभावकारी परिचालन गरिने छ । जसका लागि आवश्यक पर्ने भौतिक सामाग्रीहरु खरिद तथा सेवा सुविधालाई व्यवस्थीत बनाइने छ । कामको आधारमा थप उत्प्रेरित र पुरस्कृत गरिनेछ ।

**संस्थागत क्षमता विकास नीति**

३३६. स्थानीय तहको नाममा रहेको सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तीका एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ती संरक्षणको कार्यलाई व्यवस्थित गरिने छ ।

३३७. नगरपालिकाको कार्य प्रकृति, कार्य बोझ र औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्ति आकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाईने छ ।

३३८. नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मुसिकोट नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईने छ ।

३३९. नगरपालिकाको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शि एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

३४०. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतीक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

**राजश्व नीति**

३४१. यस नगरपालिका भित्रका नगरपालिकालाई कर बुझाउनु पर्ने दायित्वभित्र रहेका करदाताहरु मध्ये नगर सरकारले तोकेको कर नियमित रुपमा बुझाएका करदाताको करको प्रकृतिलाई मध्येनजर गरी निजहरुवाट उत्कृष्ट करदाता छनौट गरी उचित सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४२. नगरपालिका क्षेत्रिभित्रका साना तथा मझौला उद्योग व्यवासाय सञ्चालन गरिरहेका र यस नगरपालिकाको व्यवसायकर कार्यविधि २०७६ वमोजिम करको दायरामा आई नियमित रुपमा नगरपालिकालाई बुझाउनु पर्ने कर बुझाएका करदातालाई २०८२ असोज मसान्तभित्र कर वुझाएमा उनीहरुले बुझाउनु पर्ने करमा २५ प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।

३४३. यस नगरपालिका क्षेत्रभित्रका प्रचलित कानून वमोजिम गठन भई यस नगरपालिकामा दर्ता भएका र नगरपालिकालाई बुझाउनु पर्ने कर तथा अन्य दायित्व नियमित रुपमा बुझाएका कृषि समूह, महिला सहकारी, व्यवसायमा आवद्ध अपाङ्ग, द्वन्द्ध पिडित, दलित, जनजाति तथा महिला उद्देमीहरुलाई उत्प्रेरित गर्न विगतमा १५ प्रतिशत कर छुट दिदै आएकोमा यस वर्ष उक्त प्रतिशतलाई २० प्रतिशत पुर्याई छुटलाई निरन्तरता दिइनेछ ।

३४४. यस नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा रहेका बजारक्षेत्रभित्रको फोहरमैलाको उचित व्यवस्थापन गर्नुका साथै नगरपालिकावाट फोहर व्यस्थापन सेवा लिइरहेका तर फोहरमैला व्वस्थापन शुल्क नतिर्ने व्यवसायी तथा घरधनी समेतलाई करको दायरामा ल्याउने कार्यलाई कार्यविधि कडाइका साथ निरन्तरता दिइनेछ ।

३४५. यस नगरपालिका क्षेत्रभित्रका नदी तथा खोलानालाहरु, नीजि जग्गाहरुवाट भइरहेको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा, प्राकृतिक श्रोत, जीवजन्तु तथा जडिबुटीको अनियन्त्रित दोहन र चोरी निकासीलाई प्रचलित कानून वमोजिम कार्यविधि बनाई करको दायरामा ल्याइनेछ । साथै नगरपालिका क्षेत्रभित्रको निर्माण कार्यमा प्रयोग हुने साधारणामुखी पदार्थ (ढुङ्गा गिट्टी वालुवा) तथा सेटिङ्गका सामानहरु नगरपालिका क्षेत्रभित्रै उपलव्ध हुने भएमा उक्त पदार्थको वाहिरवाट हुने आयातमा आयतकर लगाई नियन्त्रण गरी आन्तरिक आम्दानी वृद्धि हुने अबलम्बन गरिनेछ ।

३४६. यस नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन नगरेका तर नगरपालिका क्षेत्रवाहिरवाट यातायातका साधन मार्फत सामान ढुवानी गरी विक्री वितरण गर्ने र घुमन्ते व्यवसायीहरुलाई उचित व्यवस्थापन गर्न कार्यविधि वनाई सञ्चालनमा ल्याइनेछ ।साथै लुकी छिपी अनियन्त्रित ढङ्गले सामान ओसार पसार गरी विक्री वितरण गर्ने व्यवसायीहरुलाई प्रचलित कानून वमोजिम पटके कर मार्फत दण्डित गरिनेछ ।

३४७. करको महत्व र उपयोगिता वारे जानकारी गराई कर सङ्कलन कार्यमा सहजता ल्याउन यस नगरपालिकाका १४ वटै वडाहरुमा विषय विज्ञ झिकाई करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३४८. यस नगरपिलकाले भू उपयोग नीति लागू गरिसकेको हुदा यस नगरपालिका क्षेत्रभित्रका घर जग्गाहरुको भू उपयोग नीतिको आधारमा वर्गीकरण गरी विगतमा राजस्व असूली प्रयोजनको लागि गरिएको घर जग्गाको मूल्याङ्कनलाई यथावत राखी सम्पतिकर सङ्कलन कार्यलाई व्यवस्थित गरिनेछ ।

३४९. यस नगरपालिका क्षेत्रभित्रका निर्माण भइसकेका घर भवनहरुको तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण नभएका घरहरुलाई अनिवार्य रुपमा अभिलेखीकरण गराउनुका साथै नयाँ निर्माण गरिने घर भवनहरुको अनिवार्य नक्सापास गरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३५०. यस नगरपालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतको अनियन्त्रित चोरी निकासी तथा राजस्व छली कार्यलाई रोक्न र राजस्व सङ्कलन गर्न नगरपालिकाका विभिन्न बजार क्षेत्र र प्रमुख नाकाहरुमा आवश्यक जनशक्ती खटाई व्यवस्थापन गरिनेछ ।

३५१. नगरपालिका क्षेत्रभित्रका उपभोक्ता समिति, सहकारी संस्था र निर्माण व्यवसायीहरुलाई नगरपालिकावाट सञ्चालन हुने विकास निर्माण कार्यमा प्राथमिकता दिन आवश्यक कार्यविधि निर्माण गरी सञ्चालनमा गर्न कार्यलाई निरन्तरता दिइनेछ ।

३५२. करदाताहरुको विवरणहरु एकत्रित गरी करदाताहरुको व्यक्तिगत विवरणहरु सुरक्षित गर्दै छरिएर रहेका करका विवरणहरु एउटै प्रणालीमा आवद्ध गरी करमैत्रि वातावरण सृजना गर्दै एकद्वार प्रणाली मार्फत कर सङ्कलन कार्यको थालनी गरिनेछ ।

३५३. यस नगरपालिका क्षेत्रभित्र उद्योग व्यवसाय सञ्चालन गरिरहेका तर हालसम्म पनि नगरपालिकाबाट सञ्चालन अनुमती नलिएका उद्योग व्यवसायहरुले अनुमती लिएमा आ व २०८२/०८३ को कर लिई दर्ता गरिनेछ । साथै उक्त कार्यको लागि नगरपालिकाका सबै वडाहरुमा घुम्ती शिविर समेत सञ्चालन गरिनेछ ।

३५४. यस नगरपालिका क्षेत्रभित्र घर जग्गा खरीद तथा घर भवन निर्माण गरी भाडामा दिइरहेका घरजग्गा धनीहरु र उद्योग व्यवसायहरुको तथ्याङ्क सङ्कलन गरी करको दायरामा ल्याइनेछ ।

३५५. यस नगरपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थहरु तथा खानीजन्य वस्तुहरुको खानी रहेका नीजि जग्गाहरुको तथ्याङ्क सङ्कलन गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी पर्यावरणीय हिसाबले उपयुक्त भएमा प्रचलित कानून वमोजिम सेवा शुल्क तथा दस्तुर लिई तस्ता पदार्थहरुको उत्खनन सङ्कलन र निकासीको अनुमती प्रदान गरिनेछ भने अवैध चोरी निकासी कार्यलाई प्रचलित कानून वमोजिम दण्डित गरिनेछ ।

३५६. नगरपालिकाको आन्तरिक राजस्व सङ्कलन कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन कर सङ्कलन कार्यमा खटिने राजस्व शाखाका कर्मचारी, वडा सचिव तथा अन्य कर्मचारीलाई प्रोत्साहन स्वरुप आवश्यकतानुसार खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

३५७. सूत्रमा राजस्व मोड्युल मार्फत कर सङ्कलन कार्यलाई प्रभावकारी बनाउन राजस्व सङ्कलनमा खटिने कर्मचारीहरुलाई पुनर्ताजकीय तालिम संचालन गरिनेछ ।

३५८. राजस्व सङ्कलन कार्यलाई थप प्रभावकारी बनाउन राजस्व अध्ययन अनुगमन संयन्त्र निर्माण गरी आन्तरिक आयलाई व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।

३५९. यस नगरपालिकालाई कर बुझाउने दायित्व भएका करदाताहरुको स्थानीय करदाता पोर्टल निर्माण गरी घरैमा बसी आफूलाई तोकिएको कर तिर्न सक्ने वातावरण निर्माण गरी करदाता मैत्री कर प्रणाली लागू गरिनेछ ।

३६०. यस नगरपालिकावाट निकासी हुने नदीजन्य पदार्थ, कवाडी मालसामान, विज्ञापन, फोहरमैला व्यवस्थापन आदिवाट प्राप्त आयलाई थप प्रभावकारी बनाउन ठेक्का मार्फ कर सङ्कलन गर्ने कार्यको थालनी गरिनेछ ।साथै नगरपालिका क्षेत्रभित्र संचालन हुने मेला महोत्सवको आवश्यकतानुसार ठेक्का लगाई ठेक्का मार्फत कर असूली कार्यको समेत थालनी गरिनेछ ।

३६१. नगरपालिका क्षत्रभित्रका पर्यटकीय स्थलहरुको फोहरमैला तथा अन्य व्यवस्थापनको लागि पर्यटकीय स्थल प्रवेश शुल्क लगाई आन्तरिक आय अभिवृद्धि गर्ने कार्यको थालनी गरिनेछ ।साथै नगरपालिकाभित्र परम्परागत रुपमा संचालन हुदै आएका डिग्रेमेला पापीनीमेला वारीपोले मेला आदि लगायतका मेलाहरुवाट प्राप्त आम्दानीको १० प्रतिशतका दरले हुन आउने रोयल्टी अनिवार्य रुपमा आन्तरिक राजस्व खातामा दाखिला गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

**सूचना, संचार तथा अभिलेख व्यवस्थापन नीति**

३६२. सरकारको चौंथो अंगको रुपमा रहेको संचार जगतमा काम गर्ने संचारकर्मीहरुको पेशागत उन्नति तथा क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

३६३. नगरपालिकाबाट सम्पादित विकास, सार्वजनिक सेवाप्रवाह, सुशासन प्रवर्द्धन विषयमा जनप्रतिनिधि र सञ्चारकर्मी वीच अनुभव आदानप्रदान गरिने छ ।

३६४. मुसिकोट नगरपालिकाको पहिचान सहितको हालसम्म भएका महत्वपूर्ण भौतीक, सामाजिक, आर्थिक, साँस्कृतिक एवंम मानव विकास सूचाङक समिटिएको डकुमेन्ट्रि तयार गरी प्रशारण गरिने छ।

३६५. नगरपालिका तथा अन्य सरोकारवाल निकायले सम्पादन गरेका हरेक जानकारीमुलक सूचना तथा जानकारिहरु नागरीकहरुको सहजै पहुँचमा पुग्ने गरि प्रविधिमैत्री नगर सूचना केन्द्र संचालनमा ल्याइने छ ।

३६६. नगरको समग्र बस्तुस्थिति नागरिकको सहजै पहुँचमा पुर्याउन आधुनिक डिजिटल प्रोफाइल निर्माण गरी संचालनमा ल्याइने छ ।

३६७. नगरपालिकाले सम्पादन गरेका हरेक नगर सभाका निर्णयहरु, नगर कार्यपालिकाका निर्णयहरु, विभिन्न विषयगत समितिका बैठकका निर्णयहरु, त्रैमासिक प्रगति र अन्य गतिविधि तथा जानकारीहरुलाई नियमित रुपमा बेवसाइट, डिजिटल सुचना बोर्ड, विभिन्न समाजिक संजालहरु मार्फत सार्वजनिक गरिने छ ।

३६८. सुचना संचार तथा अभिलेख व्यवस्थापन कार्यलाई थप मर्यादित र व्यवस्थित बनाइने छ ।

३६९. नगरपालिका अन्तर्गत रहेका बजारहरुलाई व्यवस्थित तथा अपराधजन्य घटनाहरुको न्युनिकरण गर्न सिसिटिभि क्यामरा जडान गरिने छ।

३७०. संचार कर्मीहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।

**कानुनी मामिला तथा न्याय नीति**

३७१. नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी एवं व्यवस्थीत बनाउनका लागि आवश्यक कानूनहरुको निर्माण गर्दा सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरी कानूनहरुको निर्माण प्रक्रिया अवलम्वन गरिनेछ ।

३७२. जनप्रतिनिधी, कर्मचारीहरु तथा अन्य सरोकारवालाहरुलाई अति आवश्यक कानूनी ज्ञान प्रदान कानूनी साक्षरता कार्यक्रमहरु संचालन गरिने छ ।

३७३. स्थानीय स्तरमा हुने विवादहरुलाई छिटो छरितो एवं प्रभावकारी रुपमा विवाद समाधानका उपायहरु अपनाईने छ साथै विवादहरुलाई मेलमिलापको माध्यमवाट टुंग्याउन प्राथमीकताका साथ प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

**नगर सभा सदस्य ज्युहरु !**

३७४. अन्त्यमा, मुसिकोट नगरपालिकाको पन्ध्रौं नगरसभा एवम् नवौं नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने मुसिकोट नगरपालिकाका उप–प्रमुख तथा कार्यपालिका सदस्यहरु, जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, १४ वटै वडा कार्यालयहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका व्यक्तिहरु, सरकारी, गैरसरकारी निकायहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु, संचारकर्मीहरुलाई धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रममा सम्बद्द सबै पक्षको रचनात्मक र बहुमुल्य सुझावहरुलाई अंगिकार गरिनेछ ।साथै यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको रचानात्मक सल्लाह सुझावहरुको अपेक्षा गर्दै विदा हुन्छु ।

धन्यवाद !

मिति २०८२/०३/१०

महेन्द्र के.सी.
नगर प्रमुख
मुसिकोट नगरपालिका, रुकुम पश्चिम